जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का.महोत्तरी.द.नं. ४३/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com



बर्ष १० • अंक ३७ • २०७९ मंसिर १४ गते बुधवार • 30 Nov. 2022 • पृष्ठ ४ • मुल्य रु.५/-


## निर्वाचनको अन्तिम परिणाममा अधिकांश पुरानै अनुहार निर्वाचित देखियो



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १३ मंसिर

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका लागि हालै सम्पन्न निर्वाचनमा महोत्तरी जिल्लामा अधिकांश पुरानै अनुहार निर्वाचित भएका छन् । यही मङ्सिर ४ गते सम्पन्न निर्वाचनको प्रत्यक्ष प्रणालीतर्फको अन्तिम परिणामले यस्तो देखाएको हो। चार प्रतिनिधिसभा र आठ प्रदेशसभा सदस्य गरी जिल्लामा १२ पदका लागि भएको निर्वाचनमा नौ यसअघिकै दोहोरिएका छन् । महोत्तरी-३ प्रतिनिधिसभामा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर, महोत्तरी-२ बाट लोसपाकै वरिष्ठ नेता शरतसिंह भण्डारी निर्वाचित भए। उनीहरु दुवै यसअघि २०७४ मा पनि सोही क्षेत्रबाट निर्वाचित भएका थिए । त्यसैगरी जिल्लाका आठ प्रदेशसभा क्षेत्रमध्ये सातवटामा यसअघिकै प्रदेशसभा सदस्य यसपालि दोहोरिएर निर्वाचित भए।

यसमा महोत्तरी-१(१)र (२) बाट क्रमशः नेकपा एमाले नेतृ शारदा थापा र नेकपा (माओवादी केन्द्र)का भरतप्रसाद साह रहेका छन् । यसरी नै महोत्तरी-२ (१) र (२) बाट जयनुल राइन र सुरिता साह निर्वाचित भए। उनीहरु दुईमध्ये राइन लोसपाबाट र साह यसपालि


बांकी पृष्ठ २ मा ।


## नेहाको श्रीमानले पहिलो पटक आफ्नो कुरा राखे



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १३ मंसिर

महोत्तरीको औरहीकी नेहा चौधरीले श्रीमान माथि लगाएको आरोपबारे पहिलो पटक श्रीमानले आफ्नो कुरा राखेका छन् । उनले श्रीमतीले लगाएको आरोप झुटो रहेको भन्दै पत्रकार सम्मेलनकै आयोजना गरी आफ्नो धारणा राखेका हुन्।

महोत्तरीको औरही नगरपालिका वडा नम्बर १की नेहा चौधरीको ९ महिना अगाडी रामगोपालपुर नगरपालिका वडा नम्बर ५का पंकज चौधरीसंग विवाह भएको थियो। नेहा र पंकज प्रेम सम्बन्धमा रहेकाले दूबैको परिवारबीच सहमति भएर विवाह भयो । काठमाडौं अध्ययनरत रहेकै बेला नेहा र पंकज प्रेममा परेका थिए । पंकज एमडी सकाएर विवाह गर्ने योजनामा रहेपनि नेहाकै दवाबमा एमडी नसकाउँदै विवाह गर्ने निर्णयमा पुगे । दूबैको विवाह २०७८ फागुन २५ गते विवाह भयो। तर विवाह भएको केही महिना नबित्द दूबै बिचको सम्बन्ध चिसिन थाल्यो । गत महिना मात्रै नेहाले श्रीमान आफूमाथी शारिरिक तथा यातना दिदै आएको आरोप लगाइन्। यसका साथै दाइजोका लागि पंकजले पटक पटक कुटेको नेहाको आरोप थियो। उनले आफू काठमाडौमा संगै बस्ने हठ गरेपछि आफूलाई निर्घात


बांकी पृष्ठ २ मा ।


## तेस्रो पटक रघुवीर महासेठको संसदीय यात्रा



जलेश्वरटुडे समाचारदाता
धनुषा, १३ मंसिर

नेकपा (एमाले) का स्थायी कमिटी सदस्य रघुवीर महासेठले प्रतिनिधिसभा सदस्यमा धनुषा-४ मा विजयी भएपछि तेस्रो पटक संसदीय यात्रा तय गर्नुभएको छ। निर्वाचन आयोगका अनुसार महासेठले ३२ हजार दुई ३६ मत प्राप्त गर्नुभयो भन उहाँका प्रतिस्पर्धी नेपाली कांग्रेसका महेन्द्र यादवले ३२ हजार ११२ मत प्राप्त गर्नुभयो। महासेठ २०६५ सालमा संविधानसभा सदस्य उपनिर्वाचनमा धनुषा ५ बाट निर्वाचित हुनुभएको थियो । उहाँ संविधानसभा र तत्कालीन व्यवस्थापिकामा विभिन्न समितिमा रहेर जिम्मेवारी निर्वाह गर्नुभएको थियो भने । उहाँ २०७४ सालमा संघीय संसद् प्रतिनिधिसभा सदस्यमा धनुषा(४ बाट विजयी हुनुभएको थियो ।

जनकपुर उपमहानगर पालिका २, धनुषामा बाबु मखन र स्व। मायावती महासेठको कोखबाट २०१८ साल साउन २२ गते जन्मनुभएका महासेठ हाल नख्खु, ललितपुरमा बस्नुहुन्छ । उहाँको पत्नी जुलीकुमारी महतो र एक छोरा, एक छोरी हुनुहुन्छ। उहाँले बिाई ९सिभिल इन्जिनियरिङ० अध्ययन गर्नुभएको छ। एमाले निकट विद्यार्थी संङठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनरास्ववियु) मा २०२८/०२९ सालबाट औपचारिकरुपमा महासेठ राजनीतिमा प्रवेश गर्नुभएको थियो । उहाँ २०३७ सालमा अनेरास्ववियुको प्रथम पूर्वाञ्चल क्षेत्रीय अध्यक्ष निर्वाचित हुनुभएको थियो । विासं २०३३ सालमा तत्कालीन नेकपा (माले) को सदस्यता लिएर पार्टीगत राजनीति औपचारिक सुरुवात गर्नुभएको थियो भने र २०५४ सालदेखि एमालेको केन्द्रीय भएर काम गर्नुभएको थियो। विंस २०७६ सालमा एमालेको स्थायी कमिटी सदस्य हुनुभएको थियो। महासेठले २०६८ सालमा जलस्रोत तथा सिँचाइमन्त्री र २०७४ सालमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको जिम्मेवारीमा काम गर्नुभएको थियो । उहाँले २०५१ सालमा उदयपुर सिमेन्ट उद्योगको कार्यकारी अध्यक्ष भएर पनि काम गर्नुभएको थियो । उहाँको विशेष रुचिको क्षेत्र विकास, खेलकुद हो । राजनीतिक घटनाक्रमका क्रममा २०२८/ ०२९ को सङ्घर्षको क्रममा २७ दिन थुनामा बस्नुभएको थियो । राजनीतिक आन्दोलनको क्रममा पटक/पटक गरी १३ महिना थुना र जेल जीवन बिताइ सक्नुभएको छ ।

## धनुषा निर्वाचन क्षेत्र नम्बर ४ (ख) मा नेकपा एमालेका हरिनारायण महतो विजयी



जलेश्वरटुडे समाचारदाता
धनुषा, १३ मंसिर

धनुषा निर्वाचन क्षेत्र नम्बर ४ (ख) मा नेकपा एमालेका हरिनारायण महतो विजयी भएका छन् । नेकपा एसका शत्रुधन महतोलाई पराजित गर्दै प्रदेश सभा सदस्यमा हरिनारायण विजयी भएका हुन्। ०६४ देखिका सबै निर्वाचन जित्दै आएका शत्रुधन महतो यसपटक भने पराजित भएका छन्।

हरिनारायणले १७ हजार ३०२ मत प्राप्त गर्दा शत्रुधनले १५ हजार ९६० मत प्राप्त गर्नुभएको छ । मतगणनाको सुरु देखि नै अग्रता बनाउँदै हरिनारायणले १ हजार ३४२ मतान्तरले विजयी भएका हुन्।


### डेंगीबाट बचौं ।

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यांरा कुना काप्चामा किटनाशक औषधी छर्नकने गरौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चित्सिक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरी

### धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपानले मुटु, दम श्वासप्रश्वास, क्यान्सर लगायतका दीर्घकालिन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलमा फस्न नदिऔं ।
- कुलतमा रहेकोले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ ।

*त्यसैले,*
धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today Daily
एक कदम अगाडि


जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

# मतदानको सुखानुभूति

*यही मंसिर ४ गते भएको संघीय र प्रदेशसभा निर्वाचनमा मतदान गर्ने मानिसहरू विगतको तुलनामा कमै देखिन्थे । किनभने गणतन्त्र आएपछि पनि जुन राजनीतिक दल सरकारमा पुगे पनि झुठा आश्वासन र झुठा सपनाहरू बाँड्ने कामभन्दा केही गर्न जानेनन् । त्यसैको परिणामस्वरूप आम नागरिकहरूको निराशा र आक्रोशको अभिव्यक्ति थियो- मतदानमा कम सहभागी हुनु र सहभागी भए पनि स्थापित राजनीतिक शक्तिलाई मत नदिनु । यसपालिको निर्वाचनले पुराना राजनीतिक शक्तिहरूलाई सुध्रिन र जनतालाई सधैं भोट बैंकको रूपमा मात्र नहेर्न सन्देश दिएको छ ।*

*जनताको मन-मस्तिष्कमा सधैं परिवर्तनको चाहना भइरहन्छ । त्यसैको परिणाम नयाँ राजनीतिक शक्तिको उदय भएको हो । चुनावमार्फत नेपाली राजनीतिक इतिहासमा नयाँ अनुहार नयाँ जोस, जाँगर लिएर आएका छन् । यिनीहरूको जोस-जाँगरलाई अबका संसद् र सरकारहरूले उचित ढंगले व्यवस्थापन गर्न हिच्किचाउनु हुँदैन । नत्र उनीहरूले नै यसको मूल्य चुकाउनुपर्छ । युवा पंक्ति भनेका हिजोका राजनीतिक आन्दोलनहरूमा सहभागी हुने मात्र होइन, देश र जनताका लागि सही नेतृत्व गर्न सक्ने शक्ति पनि हो । युवा शक्तिले नेतृत्व गर्नुपर्छ भन्ने समयको मागलाई गम्भीर भएर सुनेनन् भने भोलि हाम्रा राजनीतिक शक्तिहरूले पछुताउनुपर्नेछ ।*

*यस्तो जनभावना बुझेन भने अबको सरकार जनताबाटै बहिष्कारको सिकार हुनेछ । यो पंक्तिकार पनि भोट हाल्नका निम्ति नजिकको मतदान केन्द्र पुग्दा मान्छेको घुइँचो पहिलाजस्तो थिएन । कसको नेतृत्वमा सरकार बन्ला, यो हेर्न केही दिन बाँकी छ । जसको नेतृत्वमा सरकार बने पनि जनता र देशप्रति इमानदार भएनन् भने अब जनताले यिनलाई जनमत मार्फत मौन पाराले सजाय दिने निश्चित छ । यो देश र जनतालाई कसैले पनि आफ्नो स्वार्थको भाँडो नबनाऊ ।*


### निर्वाचनको अन्तिम परिणाममा..........

लोसपाबाट अवसर नपाएपछि स्वतन्त्र हैसियतमा प्रतिस्पर्धा गरेर विजयी बनेका हुन् । जिल्लाको महोत्तरी-३(१) र (२) बाट पनि प्रदेशसभामा लोसपाबाट अभिराम शर्मा र रानी शर्मा तिवारी विजयी बनेका छन् । उनीहरु दुवै सोही क्षेत्रबाट यसअघि प्रदेशसभा सदस्य रहेका थिए । यसरी नै महोत्तरी-४ (२) का निर्वाचित प्रदेशसभा सदस्य सरोजसिंह कुशवाहा पनि यसअघि सोही क्षेत्रबाट निर्वाचित भएका थिए । महोत्तरी-१ बाट भने प्रतिनिधिसभामा एमाले नेता लक्ष्मी महतो कोइरी निर्वाचित भइन् भने महोत्तरी-४ बाट कांग्रेस नेता महेन्द्रकुमार राय निर्वाचित भए । प्रदेशसभातर्फ महोत्तरी-४ (१) बाट निर्वाचित एमाले केन्द्रीय सदस्य सरोजकुमार यादव भने प्रदेशसभामा नयाँ अनुहार हुन् । विसं २०७४ मा महोत्तरी-४ (२) प्रदेशसभा क्षेत्रमा पराजित भएका यादव यसपालि क्षेत्र परिवर्तन गरेर महोत्तरी-४(१) बाट निर्वाचित भएका हुन् । महोत्तरी-१ र महोत्तरी-४ बाट क्रमशः गिरिराजमणि पोखरेल र डा सुरेन्द्रकुमार यादव र प्रदेशसभातर्फ महोत्तरी-४(१) बाट कौशलकुमार रायले निर्वाचनमा पराजित भएका छन् ।

### नेहाको श्रीमानले पहिलो......

कुटपीट गरेपछि बाध्य भएर माइत आएको बताइन् । यता नेहाले लगाएको यो सब आरोप निराधार रहेको पंकजको दावी छ । नेहाले आरोप लगाएको एक महिनापछि पंकजले नेहाले लगाएको सबै आरोप झुठो रहेको दावी गर्दै उल्टै नेहाले नै आफूलाई मानसिक यातना दिदै आएको आरोप लगाए । पंकजका अनुसार बिहे भएको केही दिन नबित्दै नेहा सानोतिनो विषयमा पनि झगडिदै आएकी थिइन् । उनले भने 'नेहा सानो सानो विषयमा पनि झगडा गर्थिन, म सम्बन्ध बचाउनकालागि पटक पटक मनाउने प्रयास गर्थे ।' अगाडी भने 'मैले नेहामाथी कहिल्यै हातपात गरेको छैन, बरु पटक पटक उनलाई बचाउने प्रयास गरेको छु ।' पंकजका अनुसार नेहाले पटक पटक आत्महत्याको प्रयास समेत गरेकी छिन् । बिहे पनि आफूसंग जोर जबरजस्तीमा गरिएको पंकजको दावी छ । आफू नेहासंग प्रेम सम्बन्धमा रहेपनि उसको यही सानोतिनो विषयमा झगडिने बानीका कारण विवाह गर्ने पक्षमा थिइन् तर उनकै दवाबका बिच विवाह गर्नु पर्यो ।


## सूचना




मिथिला बिहारी नगरपालिकाको कार्यालय, धनुषा

## सूचना

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर र विद्यालय भित्र र वरपरका पानी जम्ने सबै ठाउँहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।



डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?
स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।
घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नकोलागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।
अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।
(चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )

धनुषाधाम नगरपालिकाको कार्यालय, धनुषा


## तपाईको टुडे

मेष: अनावश्यक चिन्ता
वृष: विचार गरेर बोल्नुहोला
मिथून: लामो यात्राको योग छ
कर्कट: खानपानमा समस्या आउने
सिंह: आम्दानी हुने
कन्या: पिछडेको साथी मिल्ने
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: अनावश्यक खर्चको संभावना
धनु: मित्रतामा फाटो आउने
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: मनमा पछुतो आउने
मीन: शुभ कार्यको शुरुवात

## प्रदेश नं.–२ को गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |
| आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं | १९७ |

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पुजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# विश्वकै ठूलो सक्रिय ज्वालामुखी ३८ वर्षपछि विस्फोट

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ मंसिर



सोमबार विश्वको सबैभन्दा ठूलो सक्रिय ज्वालामुखीबाट ३८ वर्षपछि पहिलो पटक लाभा र धुवाँको खरानीहरु निस्कियो। योसँगै अधिकारीहरूले अमेरिकाको हवाई राज्यस्थित बिग टापुमा बस्ने मानिसलाई आउनसक्ने खराब स्थितिको लागि तयार रहन आह्वान गरेको छ। मौना लोआको विष्फोटले नजिकको वस्ती तत्काल खतरामा नपर्ने भए पनि अमेरिकाको युएस जियोलोजिकल सर्भेले बिग आइल्याण्डमा लगभग २,००,००० मानिसलाई 'लाभा प्रवाहको स्थान र प्रभाव तीव्र रूपमा परिवर्तन हुन सक्ने भएकाले' सतर्क रहन भनेको छ। लाभाको बहाव वस्तीतर्फ जाने विषयमा होसियार रहन र त्यस्तो अवस्था उत्पन्न भए तत्कालै सुरक्षित स्थानमा जान तयार रहन भनेका छन्।

आइतबार रातिदेखि बिग आइल्याण्डस्थित शिखरमा रहेको खाडलमा विष्फोट सुरु भएको अमेरिकी भूगर्भ सर्वेक्षणले जनाएको छ। सोमबार विहानसम्म लाभा प्रवाहले नजिकका वस्तीलाई खतरा नपु-याएको सर्वेक्षणले बताएको छ। 'हवाईयन ज्वालामुखी अब्जर्भेटरी'का वैज्ञानिक प्रमुख केन होनले विष्फोट भईन्जेल वरपरको क्षेत्रको वायुको गुणस्तर बिग्रन सक्ने बताएका छन्। यस पटकका विस्फोटले पनि अघिल्ला ज्वालामुखीले ढाँचा पछ्याएमा वैज्ञानिकहरूले विस्फोट आगामी एक-दुई हप्ता सम्म रहने बताएका छन्।

# मौद्रिक नीतिको सन्देश: आर्थिक सङ्कटको पारो केही घटेको मात्रै हो

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ मंसिर




नेपाल राष्ट्र बैंकले आइतबार चालु आर्थिक वर्षको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा गर्‍यो। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन लगत्तै मौद्रिक नीतिको समीक्षा गरेको राष्ट्र बैंकले गत असार मसान्तको तुलनामा मुलुकको आर्थिक स्थिति केहीं सुधारोन्मुख रहेका तथ्य पेस गर्‍यो।

राष्ट्र बैंकका अनुसार १४ महिनापछि मुलुकको शोधनान्तर स्थिति बचतमा आउनुमा आयात घट्नुका, रेमिट्यान्स बढ्नु र पर्यटन आगमनमा समेत वृद्धि हुनुले हो। पछिल्लो समय बृहत् आर्थिक सूचकांश सकारात्मक हुँदै गएको राष्ट्र बैंकको विश्लेषण छ। राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षामार्फत मुलुकको वर्तमान आर्थिक स्थिति वास्तविक रूपमा सुध्रिएको नभएर आयातमा लिएको नियन्त्रणकारी नीतिलेको उपज भएको स्वीकार गरेको छ। मौद्रिक नीतिको समीक्षाको बुँदा ३ मा भनिएको छ, 'बाह्य क्षेत्र दबाबका कारण बैंकिङ क्षेत्रको साधन परिचालनमा आएको कमी भने कायमै रहेको छ। सजगतापूर्वक कसिलो राखिएको मौद्रिक नीतिको कार्यदिशाका कारण बैंकिङ प्रणालीमा रहेको निक्षेप घट्न नदिन, तरलतालाई सहज बनाउन, कर्जा-निक्षेप अनुपातबीच सन्तुलन मिलाउन र बाह्य क्षेत्रमा परेको दबाव कम गर्न उल्लेख्य सहयोग पुगेको छ।'

# अरबाज खानको प्रेमिकासँग भयो ब्रेकअप !

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ मंसिर



बलिउड अभिनेता, फिल्म निर्माता अरबाज खानका फिल्मभन्दा उनको प्रेम जीवन बढी चर्चामा रहन्छ। अरबाजकी जेठी श्रीमती मलाइका अरोडासँग सम्बन्धविच्छेद निकै चर्चामा रह्यो। मलाइकासँग विवाह टुटेपछि अरबाजको जीवनमा आइन् नायिका जर्जिया एन्ड्रियानी। तर के जर्जियासँग पनि अरबाजको सम्बन्ध टुटेको छ ?

खासमा जर्जियाले आफ्नो एक अन्तरवार्तामा यस्तै हिन्ट दिएकी छिन्। अरबाजसँग आफ्नो इक्वेसनबारे जर्जियाले कुरा गरेकी छिन्। जर्जियाले अरबाजलाई प्रेमी नभई राम्रो साथी मात्रै बताएकी छिन्। जर्जियाका अनुसार उनको र अरबाजको विवाह गर्ने कुनै योजना छैन। यी दुईको सम्बन्ध कोरोनाको महामारीमा लगाइएको लकडाउनका कारण निकै फेरिएको छ। अन्तरवार्तामा जर्जियासँग उनको अरबाजसँगको विवाहबारे प्रश्न सोधिएको थियो। जवाफमा नायिकाले भनिन्, 'मैले मलाइका र अरबाजको परिवारलाई धेरैपटक भेटेको छु। अरबाज मेरा निकै मिल्ने साथी हुन्। हाम्रो विवाह गर्ने कुनै योजना छैन। लकडाउनले हाम्रो सम्बन्धलाई फेरिदिएको छ।'

बलिउड हंगामासँगको कुराकानीमा जर्जियाले भनिन्, 'म र अरबाज निकै मिल्ने साथी हौं। तर विवाहको कुरा जब आउँछ तब साँच्चै भन्नुपर्दा यो यस्तो चिज हो जुन गर्ने हाम्रो कुनै योजना नै छैन।

लकडाउनले हामीलाई यस्तो सोच्न बाध्य पार्‍यो। वास्तवमा लकडाउनले मानिसलाई कि त निकै नजिक ल्यायो कि उनीहरुलाई अलग पारिदियो।' **यी दुईमा उमेरको ठूलो भिन्नता** अरबाज र जर्जियाले एक-अर्कालाई डेट गरेको चार वर्ष बितिसकेको छ। यी दुईबीच करिब २० वर्षको उमेर भिन्नता छ। अरबाज र जर्जियालाई धेरैजसो सँगै देखिएको छ।

# यू-१९ क्रिकेट : बागमतीको लगातार चौथो जित

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ मंसिर




कर्णाली प्रदेशलाई ७ विकेटको हराउँदै बागमती प्रदेशले राजधानीमा जारी वाई वाई यु-१९ पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा लगातार चौथो जित निकालेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्व विद्यालयको मैदानमा मंगलबार सम्पन्न खेलमा कर्णाली प्रदेशले ३६.२ ओभरमा सबै विकेट गुमाएर दिएको १ सय ३१ रनको लक्ष्य बागमती प्रदेशले ३ विकेटको क्षतिमा पूरा गरेको हो। यससँगै बागमतीले जारी प्रतियोगितामा अपराजित यात्रालाई चौथो खेलमा पनि निरन्तरता दिएको हो। यस्तै सुदूरपश्चिम प्रदेशले पनि चारै खेलमा सुखद नतिजा निकालेको थियो। मध्यम लक्ष्य पछ्याएको बागमतीका लागि लुक्की कठायतले अर्धशतकीय पारी खेले। ८ चौका प्रहार गर्दा उनी ५१ रनमा अविजित रहे। यस्तै अशोक पोडेलले पनि अर्धशतकीय इनिङ खेले। ६४ बलको सामना गरेका पौडेलले ७ चौका र १ छक्का हिर्काएका थिए।

अन्य ब्याट्सम्यानले भने दोहोरो अङ्को स्कोर गर्न सकेनन्। बलिङतर्फ कर्णालीका अनुज चनारा, युनिस सिंह र आवास साहले समान १/१ लिए। यसअघि टस जितेर पहिला ब्याटिङ गरेको कर्णालीका लागि कप्तान विपिन रावलले अर्धशतकीय पारी खेले। उनले ९२ बल खेल्दा ९ चौकाको सहयोगमा व्यक्तिगत ६८ रनको योगदान गरेका थिए। यस्तै अर्को ओपनर मनिस थापाले २५ रन जोड्दा अनिरुद्ध कावरले ११ रन जोड्नु बाहेक अन्य ब्याट्सम्यानले दोहोरो अङ्को पारी खेल्न सकेनन्। बलिङतर्फ ७.२ ओभर बलिङ गरेका सक्रिय कार्कीले २ मेडन राख्दै २३ रन खर्चिएर सर्वाधिक ५ विकेट निकाले। अहम्मद राजाले ३ विकेट हात पार्दा ओमकार यादव र अभिषेक कोइरालाले १/१ विकेट आफ्नो नाममा लेखाए। यस जितसँगै बागमतीले ४ खेलबाट ८ अंक जोडेको छ। कर्णालीको समान चार खेलबाट २ अङ्क मात्र छ।


## सूचना




औरही गाउँपालिकाको कार्यालय, धनुषा

## कामनी ब्यूटी पार्लर

यहाँ ब्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै ब्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।


सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

## सूचना




सोनमा गाउँपालिकाको कार्यालय, महोत्तरी

# सांसदज्यू, खेतीपाती सपार्न लाग्नुहोस्




-माननीय सांसदज्यूहरू, सर्वप्रथम नीति निर्माण गर्ने थलो संसद्को सदस्यमा निर्वाचित हुनुभएकामा खुसी व्यक्त गर्दै कार्यकाल सफलताको शुभकामना दिन चाहन्छु । हुन त, सामाजिक सञ्जाल र सञ्चारमाध्यममा अरूले हार्दिक बधाई दिएको देखे-सुनेको छु । तर क्षमा गर्नुहोस्, बधाई त कार्यकाल सफल भए मात्रै दिने हो, मैले अहिल्यै त्यो आँट गरिनँ । सांसदका हैसियतले निर्वाह गर्नुपर्ने भूमिकाबारे यहाँहरूले पक्कै हेक्का राख्नुभएकै छ ।

सँगै, तपाईंलाई उम्मेदवार बनाउने पार्टी र तपाईंका आफ्नै चुनावी घोषणापत्रसमेत बिर्सनुभएको छैन होला । ती घोषणा पूरा गर्ने काममा यहाँ निरन्तर लाग्नुहुनेछ भन्ने अपेक्षा छ । यति भन्दाभन्दै पनि, धेरैका आफ्नै एवं आबद्ध पार्टी र नेतागणका घोषणा, वाचा र भाषण सुन्दा तपाईंहरूलाई आफ्नै भूमिकाबारे राम्ररी थाहा नभएझैं लागेको छ । अप्ठ्यारो नमान्नुहोस्, यहाँहरूको काम विकास बाँड्ने हैन, बरु यस्तो कामलाई न्यायपूर्ण, समतामूलक र दिगो बनाउन आवश्यक नीति बनाउने हो, जसको कार्यान्वयनको मापदण्ड र कार्यप्रगतिमा पृष्ठपोषण गर्ने हो । पहिलेका सांसदले यस्ता काम ठीक ढंगले नगरेको हुँदा मतदाताले यस पटक तपाईंहरूमध्ये कतिपय नयाँलाई छानेका हुन् । उनीहरूले लामो धैर्यपछि तपाईंहरूप्रति भरोसा गर्दै नसुध्रेका पार्टी र उम्मेदवारविरुद्ध घण्टी बजाएका हुन् । तपाईंले यो कुरा राम्ररी विचार नगरेमा अर्को पटक अरूलाई छान्न हामी मतदाता बाध्य हुनेछौं । यो देशको उन्नति र आम जनसमुदायको खुसीका लागि अरू कुरासँगै विकासलाई प्रकृतिसम्मत र स्थानीयतामा आधारित बनाउने, यसका लागि जनचेतना र क्षमता बढाउने सरकारका प्राथमिक काम हुन् । यो काम गर्न मुख्य दायित्व बोकेको प्रशासनिक नेतृत्वको पुनःसंरचना र खरिद ऐनजस्ता सार्वजनिक विकासका प्रक्रिया अद्यावधिक गर्न आवश्यक छ । यी काम नगरी आम नेपालीका खाना, नाना, छाना, शिक्षा र जनस्वास्थ्यजस्ता प्राथमिक सवालहरू सम्बोधन हुँदैनन् र सविधानमा प्रस्तावित समाजवादको परिकल्पना अर्थहीन हुन्छ । यिनै कामको सम्बोधनका लागि कानुन सुधारमा दिशाबोध गर्नुभएकै होला । अहिले भने खाना र खेतीपातीका थप सन्दर्भ उठाएर यहाँहरूलाई हाम्रो जीवनको मूल आधार उन्नत बनाउन आफ्नो जिम्मेवारी बोध गर्न आग्रह गर्न चाहन्छु । तपाईंहरूलाई थाहै छ, कृत्रिम रसायन, विषादी, खनिज ऊर्जा र प्रकृति दोहनका कारण निरन्तर विघटित प्रकृति, प्रदूषित हावापानी र पर्यावरणले हाम्रो जीवन नै संकटग्रस्त बन्दै गएको छ । माटो निरन्तर निर्जीव हुँदै गएको छ । यसैबीच गत वर्ष मात्र रुसले युक्रेनमा युद्ध सुरु गरेपछि विश्व बजारमै खानेकुराको संकट गहिरिएको छ । भारत लगायत कतिपय देशले केही खानेकुरा निर्यातमा रोक लगाउने कुराले मात्र हामीलाई आतंकित बनाउँदै महँगीको मारमा पारेको यहाँहरूले याद गर्नुभएकै होला । यी सबै कुराले हाम्रो खानेकुराको भविष्य कति जोखिमपूर्ण छ भनिरहन नपर्ला । यस्तो संकट झनै बढ्दै जाने कुरा मनन गर्न यो प्रसंग उठाइएको हो । अहिले जलवायु परिवर्तनले हाम्रो जीवनमा संकट चुलिँदै गएको छ । गत वर्ष वर्षाले मनाङदेखि मेलम्चीसम्म ल्याएको वितण्डा र धानबालीमा भएको क्षति सम्झनुहोस् त । चुरे दोहनले निम्त्याएको संकटबारे त यहाँहरूलाई सम्झाउनै परेन । यसरी वर्षैपिच्छे अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, डुबानले चुरे-भावर, तराई-मधेशका लाखौं पविवारको जीविकाको मुख्य आधार तहसनहस हुँदै गएको छ ।

एक छिन सोचौं त, यस्तै वर्षा र उस्तै खडेरी आउने वर्षमा पनि दोहोरिरहे भने हाम्रो जीवन के होला ? यी संकट सम्बोधन गर्ने अपेक्षा गरिएका राष्ट्रिय-अन्तर्राष्ट्रिय सम्मेलनहरू यसतर्फ इमानदार पहल गर्ने प्रतिबद्धता-कार्ययोजनाबिनै समापन हुने गरेका छन् । नखाएको विषले प्रभावित हामीजस्ता करोडौंको जीवन यसबाट थप कष्टकर भएको छ । अतः यसबारे सरकारलाई दिशानिर्देश गराउन यहाँहरूले भूमिका खेल्न जरुरी छ । अर्को कुरा, कृषिप्रधान देशकै बहुसंख्यक नेपाली किनेर खान विवश छौं । आम्दानी र रोजगारीका लागि नेपाली युवा भारत र अरबका मरुभूमिमा खेतीकर्ममा सघाउन गएका छन् । यता कृषिउपज पनि ठूलो मात्रामा आयात गर्नुपर्ने अवस्था छ । यसप्रति तपाईंहरूले राम्रै चिन्तनमनन गर्नुहुनेछ भन्ने विश्वास लिएको छु । बाँझो जमिन, जलवायु परिवर्तनको बढ्दो जोखिम, खानेकुरामा रसायन र विषादीको समस्या, उत्पादक साना तथा सीमान्त किसानका लागि उत्पादनका आवश्यक स्रोतसाधन, उन्नत बीउ, मल र चिस्यानको जोहो र दलालमुक्त बजार बन्दोबस्त कृषि विकासका आधारभूत सवाल हुन । कृषि शिक्षा, अनुसन्धान, प्रसार र प्रशासन संयन्त्रको पुनःसंरचना, सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरत कृषि प्राविधिकको क्षमता वृद्धि र हाम्रो आफ्नै भौगोलिक तथा पर्यावरणीय विशेषतामा उपयुक्त कृषि प्रविधि विकास पनि उत्तिकै महत्त्वपूर्ण छन् । दीर्घकालीन सोचसहित यी विषयको सम्बोधन नगरी हाम्रो कृषि क्षेत्रको रूपान्तरण सम्भव हुँदैन । विडम्बना, तपाईंहरू र आबद्ध पार्टीहरूले बाँडेका घोषणापत्र नामका ग्यारेन्टीपत्रमा यी आधारभूत सवाल सम्बोधन गर्ने उपयुक्त प्रस्तावहरू छैनन् भन्नुपर्दा मलाई रमाइलो लागेको छैन । धेरै पार्टीका घोषणापत्रमा नेपाली भूगोल र समाजको विशेषता, बदलिँदो आर्थिक सामाजिक परिवेश, कृषिक्षेत्रमा परिरहेको भूमण्डलीकरणको असर, क्षेत्रीय भूराजनीतिक प्रभाव र यिनको कृषिक्षेत्रमा पर्ने भविष्यको सम्भाव्य जोखिमको आकलन गरी गर्नुपर्ने दृष्टिबोध र रणनीतिक मार्गचित्र स्पष्ट छैनन् । नेपाली समाज उन्नत बनाउने दृष्टिकोणबिनै शब्दजालको खेतीबाट देश विकासको आकासे फल देखाउने यी ग्यारेन्टीपत्र विकासे बीउजस्तै अनुत्पादक छन । अहिले साढे ३ खर्बको कृषिउपज आयात भइरहेको छ । यो घटाउनेभन्दा निर्यात बढाउने कुरा सबैको प्राथमिकतामा छ । धेरैको घोषणापत्रमा विकासे बीउ र कारखानामा बनाइने कृत्रिम मलमार्फत कृषि उत्पादन बढाइने जिकिर गरिएको छ । मल-विषादीका कारखाना र विकासे बीउ नभएर कृषि नसुध्रेको भाष्य तिनमा पाइन्छ । सबै घोषणामा भूउपयोग र भूमिसुधारले राम्रै ठाउँ ओगटेका छन् । तर माटो र समग्र प्रकृति विघटन भैरहेको यो अवस्थामा कृषि जमिनका यी संरचनागत सवालसँगै माटो बचाउने चुनौतीको सामना गनुपर्नेछ । बाँझो जमिन र चाक्लाबन्दीका विषय पनि सबैका घोषणापत्रमा कुनै न कुनै हिसाबले उठाइएका छन् । यी कुनै नयाँ प्रस्ताव हैनन् । जमिन बाँझो भएकै दुई दशक भैसक्यो । यो निरन्तर बढिरहेको छ । तर कुनै पनि पार्टीको घोषणापत्रमा हरित कृषिको बाटो र असफल कृषि मन्त्रालय र मातहतको पुनःसंरचनाबारे चर्चा गरिएकै छैन ।

*साभार : कान्तिपुर ।*


## कम्प्यूटर टाईप-प्रिन्ट

सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्झनुहोस ।

-: दिलीप कुमार साह :-
सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२
एकचोटी सेवाको मौका अवश्य दिनुहोला







## सूचना

### डेंगीबाट बच्ने उपायहरू:

– एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।
– आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।
– घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
– बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने
– पूरै शरिर ढाक्ने लुगा लगाउने ।
– पानी राख्ने भाँडाहरू जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।
– काम नलाग्ने र पानी भरिन सक्ने सामानहरू जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरू पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।
– घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं ।
– कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं ।

**बलवा नगरपालिकाको कार्यालय, महोत्तरी**


## सूचना

### डेंगीबाट बच्ने उपायहरू:

– एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।
– आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।
– घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
– बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने
– पूरै शरिर ढाक्ने लुगा लगाउने ।
– पानी राख्ने भाँडाहरू जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।
– काम नलाग्ने र पानी भरिन सक्ने सामानहरू जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरू पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।
– घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं ।
– कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं ।


**औरही नगरपालिकाको कार्यालय, महोत्तरी**

प्रकाशक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम–४(मुरलीचौक), कम्प्यूटर : दिलिप कुमार साह (९८४४०५१४८७), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday